स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

# कोभिड-१९ सञ्चार माध्यम निगरानी (Media monitoring)
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## लुम्बिनी प्रदेश

**मितिः श्रावण ५, २०७८ (जुलाई २०, २०२१)**
**बुटवल, रुपन्देही**

### कोभिड -१९ सम्बन्धी प्रमुख जानकारी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको श्रावण ४ गतेको तथ्याङ्कका आधारमा यस प्रदेशमा कुल १०१२५९ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ। गत हप्ताको तुलनामा यो हप्ता १८ प्रतिशतले घटेको छ (कुल सक्रिय संक्रमित- ९९६)। त्यस्तै, यो हप्ता रुपन्देही (३१८) बाहेकका सबै जिल्लामा २०० भन्दा कम सक्रिय संक्रमित रहेका छन्। अघिल्लो हप्ता जस्तै, गत २४ घण्टामा सबै भन्दा धेरै रुपन्देहीमा, ३२ जना नयाँ संक्रमित थपिएका छन्। हालसम्म प्रदेशमा २०६१ जनाको मृत्यु भएको छ र पछिल्लो २४ घण्टामा चार जना संक्रमितको मृत्यु भएको छ। हाल १८९ जना संक्रमितहरु प्रदेशका विभिन्न अस्पतालहरुमा उपचाररत छन्।

- कोरोना संक्रमण दर घट्दै गए पनि यसैका कारण हुने कालो ढुसी अर्थात् म्युकोरमाइकोसिसका बिरामी भने बढ्दै गएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। गम्भीर प्रकृतिको कोभिड-१९ जन्य म्युकोरमाइकोर्सिसको उपचार चुनौतीपूर्ण रहेकाले नेपालमा कालो ढुसीको समस्या घातक बन्दै गएको जनाएको छ। मन्त्रालयको तथ्याङ्क अनुसार नेपालमा हालसम्म २२ जनामा कालो ढुसी संक्रमण भेटिएको बताएको छ। अत्यन्तै दुर्लभ मानिएको संक्रमणको समयमै उपचार नहुँदा अवस्था जटिल बन्दै गएको चिकित्सकहरूले बताएका छन्। (स्रोतः नयाँ पत्रिका, श्रावण १, २०७८)




- विश्व स्वास्थ्य संगठनका अनुसार विश्वले कोभिड-१९ को तेस्रो लहरको प्रारम्भिक अवस्था भोगिरहेको र भाइरस निरन्तर रुपले विकसित हुदै गएर स्वरुप परिवर्तन गरिरहेको हुँदा अझै धेरै संक्रामक हुन सक्ने बताएको छ। विश्व स्वास्थ्य संगठनले कोभिड-१९ को अवस्था विश्वव्यापी रूपमा अझैसम्म खतरा भई फैलिनुका प्रमुख ४ कारणहरु रहेको जनाएको छ; (स्रोतः
    १. भाइरसको बदलिँदो भेरिएन्टस्
    २. बढ्दो सामाजिक मिश्रण र मान्छेको गतिशीलता
    ३. जनस्वास्थ्यका मापदण्डहरु उचित रुपमा पालना नगर्नु

४. खोपमा असमानता।

- गर्भवती महिला पनि कोभिड-१९ संक्रमणको उच्च जोखिममा रहने भन्दै कोभिड–१९ विरुद्धको खोप पाउने लक्षित समूहमा राख्न नेपाल प्रसूति तथा स्त्री रोग विशेषज्ञ समाज (नेसोग)ले आग्रह गरेको छ। नेसोगले खोप लगाएर भन्दा नलगाउँदा आमा र बच्चा दुवैलाई कोभिड-१९ को जोखिम हुने जनाएको छ। (स्रोतः स्वास्थ्य खबर, श्रावण २, २०७८)

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले १२ देखि १८ वर्ष उमेरका करिब ३५ लाख बालबालिकाका लागि कोभिड-१९ विरुद्धको खोप दिने तयारी रहेको जनाएको छ। बालबालिकाका लागि प्रयोग अनुमति पाएको अमेरिकन खोप फाइजर नेपाल ल्याउन कोभ्याक्स सुविधा मार्फत प्रस्ताब गरिएको छ। (स्रोतः नयाँ पत्रिका, आषाढ ३१, २०७८)

## प्रादेशिक खबरहरु

- नवलपरासी बर्दघाट सुस्ता पश्चिमको पृथ्वीचन्द्र जिल्ला अस्पतालमा संघीय सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट कोभिड-१९ परीक्षणका लागी पीसीआर मेसिन उपलब्ध भएकोमा मेसिन चलाउन स्थान अभाव भएको भन्दै तीन महिनादेखि संचालनमा नआएको अस्पतालले जनाएको छ। अस्पताल प्रशासनले नै माग गरेको मेसिन सञ्चालन हुन नसकेपछि तत्कालीन स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले अस्पताल प्रशासनको काम चित्तबुझ्दो नभएको भन्दै सार्वजनिक कार्यक्रममा नै असन्तुष्टि पोखेपछि पीसीआर मेसिन राख्ने भवन निर्माण भइरहेको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण ३, २०७८)

## अन्तर्राष्ट्रिय विषयबस्तुहरु

- जुलाईको दोश्रो हप्ता कोभिड-१९ को दैनिक संक्रमण सङ्ख्या ५०,००० भए संगै इन्डोनेसिया एसिया महादेशमा कोभिड १९ को नँया केन्द्र भएको छ। हाल सम्म २७ लाख भन्दा बढी व्यक्तिमा संक्रमण पुष्टि भएको बीबीसीले जनाएको छ। डेल्टा भेरिएन्ट आक्रामक रुपमा फैलिँदा इन्डोनेसियाले अत्यन्त गहिरो संकट भोगिरहेको छ। जुलाई महिनाको पहिलो हप्ता योज्ञाकार्ताको एक अस्पतालमा अक्सिजनको आपूर्ति ठप्प भएपछि ६३ जनाको दुखद निधन भएको थियो। त्यस यता, अन्य धेरै सहरका धेरै अस्पतालहरुले कोभिड १९ का नयाँ बिरामीहरुको भर्ना गर्न बन्द गर्नु परेको जनाएको छ। (स्रोतः बीबीसी न्यूज, जुलाई १५, २०२१)
https://www.bbc.com/news/world-asia-57830770

## कोभिड-१९ र प्राकृतिक प्रकोप

- आषाढको अन्तिम साता देखि लगातार परेको अविरल वर्षाका कारण प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा जनधनको क्षति भएको छ। पाल्पाको तिनाउँ गाउँपालिकाको डुम्रे नजिकै श्रावण १ गते राति गएको पहिरोले एस्काभेटर पुर्रिँदा एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जानकारी दिएको छ। (स्रोतः सेतोपटी, श्रावण २, २०७८)

- ❖ रुकुम पूर्वको सिस्ने गाउँपालिका—३ र ४ का स्थानीयलाई वर्षायाममा अन्य वडा र जिल्ला सदरमुकाम रुकुमकोट आउँ-जाउँ गर्न निकै कठिनाई भएको छ। रुकुम पश्चिम हुँदै जान पुमाखोलामा बाढी आएको, दक्षिणमा सानीभेरी नदीको बहाव हरेक दिन बढ्दै गएको र पैदल हिड्ने र मोटरसाइकल गुडाउने झोलुंगे पुल पुग्ने बाटो पनि पहिरोले पुरिएपछि गाउँ नै थुनिएको महसुस भएको स्थानीयको भनाइ छ। गाउँमा कोहि बिरामी भएमा जिल्ला अस्पताल रुकुमकोट जान समस्या भएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण ४, २०७८) https://ekantipur.com/pradesh-५/२०२१/०७/१९/१६२६६६३६८९६२४२११८७.html

## कोभिड-१९ खोप सम्बन्धि जानकारी

- ❖ परिवार कल्याण महाशाखाको आषाढ २९ गते देखि कोभिड-१९ बिरुद्धको भेरोसेल खोप अभियान सुरु गर्ने निर्देशन अनुसार लुम्बिनी प्रदेशमा पनि खोप अभियान चलिरहेको छ। सो अभियानमा लक्षित उमेर समुह र पेशागत समुह भन्दा बाहिरका व्यक्तिहरुले समेत आफ्नो मान्छेको भनसुनमा खोप लिएको पाइएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण २, २०७८)
- ❖ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जापान सरकारले नेपाललाई कोभ्याक्स सुबिधामार्फत १६ लाख मात्रा खोप उपलब्ध गराउने जानकारी दिएको छ। मन्त्रालयले खोप केही दिनमा नै प्राप्त हुने जनाउँदै उक्त खोप दोस्रो मात्राको खोपको प्रतिक्षा गरिरहेका ६५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई दिइने बताएको छ। (स्रोतः नागरिक दैनिक, श्रावण २, २०७८)




- ❖ नेपाल सरकारले चीनसँग खरिद गरेको ४० लाख खोप मध्यको बाँकी ३२ लाख मात्रा कोभिड-१९ विरुद्धको खोप भेरोसेल यही श्रावण १५ गतेभित्र ल्याउने जनाएको छ। चीनसँग खरिद गरिएको खोप नेपाल वायुसेवा निगमको जहाजबाट नियमित चार उडानमार्फत ल्याउन लागिएको हो। (स्रोतः नागरिक दैनिक, श्रावण २, २०७८)
- ❖ परराष्ट्र मन्त्रालयले श्रावण १ गते एक प्रेस विज्ञप्ति जारी गर्दै चीन सरकारले नेपाललाई थप १६ लाख डोज भेरोसेल खोप दिने जानकारी गराएको छ। नेपालका लागि चिनीयाँ राजदूत होउ यान्छीले नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवालाई बधाई दिँदै थप १६ लाख डोज अनुदानको खोप दिने जानकारी गराएकी छन्। (स्रोतः स्वास्थ्य अलाईभ, श्रवण १, २०७८)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

**Recommendations:**




- हाल चलिरहेको कोभिड-१९ विरुद्धको खोप अभियानमा अनियमितता भएको भन्ने विषयलाई उदृत गर्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, केन्द्रले एक बिज्ञप्ति जारी गर्दै तल उल्लेखित कुराहरुलाई ध्यान दिन अनुरोध गरेको छ;
    - आफ्नो पालोमा मात्र खोप लगाउन जाने
    - आफ्नो पालो आउँदा आफ्नो पालो खुल्ने कागजात तथा परिचय खुल्ने नागरिकता वा आधिकारिक परिचय पत्र साथ लिएर जाने
    - खोप केन्द्रहरुमा जाँदा जनस्वास्थ्यका मापदण्डहरुको पालना गर्ने।
- लुम्बिनी प्रदेशमा संक्रमण दरमा केहि कमी देखिएता पनि मृत्यु दर र अस्पताल भर्ना हुनेमा अपेक्षित रुपमा कमी नआएको र कोभिड-१९ को संक्रमणदर फेरी बढ्न सक्ने सम्भावना हुँदा सबै तह र तप्काबाट अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न गराउन पहल गर्नु पर्ने;
    - अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने
    - निस्कनै परे नाक मुख राम्ररी छोपिने गरी मास्कको प्रगोग गर्ने,
    - बाहिर-बजार, बैंक, सार्वजनिक यातायात, पसल, आदि भिडभाड बढि हुने ठाउँहरुमा जाँदा/हुँदा भौतिक दुरी कायम गर्ने, बेलाबेलामा साबुन पानीले हात धोइरहने वा स्यानिटाइजरको प्रयोग गर्ने
    - बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको बेलामा पनि कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखी जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने।

**थप जानकारीका लागि सम्पर्क**

**डा. पुष्पराज पौडेल**
प्रवक्ता एवं सूचना अधिकारी
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लुम्बिनी प्रदेश
drprpoudel@gmail.com